# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

# Grameen Bikash Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था
**प्रधान कार्यालय: बुटवल-१०, कालिकानगर, रुपन्देही**
**फोन: ०७१-४३८९५१, ४३८९२९, फ्याक्स: ०७१-४३८९५४**
Email: info@gblbs.com.np, URL: www.gblbs.com.np

## सवारी साधन SUV JEEP (Model-2024) र (4WD Hardtop Jeep) खरिद गर्ने बारेको सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथमपटक प्रकाशित मिति : २०८१/०७/१३)
बोलपत्र नं : ०४/२०८१/८२

यस कार्यालयको लागि तोकिएको स्पेशिफिकेशन बमोजिम सवारी साधन SUV JEEP (Model -2024) थान (१) एक र (4WD Hardtop Jeep) थान (१) एक गरी (२) दुई वटा गाडी आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलवन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१ सिलबन्दी बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखि १५ औं दिनको (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) ४:०० बजेसम्म यस संस्थाको प्रधान कार्यालय बुटवल सामान्य सेवा महाशाखाबाट पछि फिर्ता नहुने गरी रु.३०००।- (अक्षरेपी तीन हजार) मात्र बुझाई खरिद गर्न सकिनेछ ।

२ बोलपत्र फाराम खरिद गर्न आउँदा सम्बन्धित फर्म तथा कम्पनीको आधिकारिक निवेदन पेश गर्नुपर्नेछ ।

३ बोलपत्र फाराम साथ बोलपत्र जमानत वापत आफुले कवोल गरेको कुल रकमको २.५ प्रतिशतले हुन आउने रकममा नघटने गरी हुने रकम यस संस्थाको नाममा सिटिजन्स बैंक इन्टरनेशनल लि. शाखा कार्यालय बूटवलमा रहेको खाता नं. ०१२०१००००३२३२०१ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस संस्थाको पक्षमा जारी भएको र बोलपत्र पेश गर्ने अन्तिम मितिले १२० दिन मान्य अवधि रहेको बैंक जमानत संलग्न गर्नुपर्नेछ ।

४ प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह ०४:०० बजेभित्र यस कार्यालयमा सिलवन्दी बोलपत्र दर्ता गराई सक्नु पर्नेछ । सोको भोपिल्ट दिउंसो २:०० बजे बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधिको उपस्थितिमा बोलपत्र खोलिनेछ । तर बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

५ बोलपत्र सम्बन्धी अन्य शर्तहरु तथा गर्नु पर्ने कार्यहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाको आर्थिक प्रसाशन विनियममावली, २०७२ (संशोधन सहित) मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्वन्धमा थप जानकारी आवश्यक परेमा संस्थाको फोन नं. ०७१-४३७५३० र ०७१-४३८९५१ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

६ यो सूचना यस संस्थाको वेबसाइट www.gblbs.com.np मा पनि हेर्न सकिनेछ